# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार




गभर्नर डा. युवराज खतिवडाले उद्यमी व्यापारी लगायत सर्वसाधारणसँग आफ्नो पैसा निर्धक्क भएर बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा गर्न आग्रह गर्नुभएको छ।

नेपाल उद्योग वाणिज्य महासंघले विद्यमान वित्तीय समस्या सम्बन्धमा छलफल गर्न वैशाख ५ गते राजधानीमा आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले नेपाली बैंकिङ क्षेत्रमा निक्षेप बढ्न नसकेर देखिएको तरलता अभाव समाधान गर्न नेपाल राष्ट्र बैंकले उपलव्ध गराउने पुनरकर्जा प्रक्रिया अझ सरल बनाइएको बताउनुभयो ।

निक्षेप बढाउन बैंकहरूले बचतको व्याज अझै बढाउनु पर्ने धारणा राख्दै उहाँले उत्पादनमूलक क्षेत्रमा लगानीका लागि बैंकहरुले पुनरकर्जा उपयोग गर्नसक्ने बताउनुभयो।

कर्जाको व्याजदर घटाइदिनु पर्ने व्यवसायीको मागका सम्बन्धमा उहाँले भन्नुभयो, "उद्योगी व्यवसायीका लागि कर्जा उपलव्ध नहुनु समस्या हो तर व्याजदर समस्या नहुनपर्ने ? निक्षेप नै नआएपछि कर्जाको व्याजदर त बढ्ने नै भयो।"

घरजग्गा कर्जामा सीमा निर्धारण गर्ने केन्द्रीय बैंकको निर्देशनका कारण व्यवसायमा समस्या देखिएको भन्ने व्यवसायीको आरोपका सम्बन्धमा डा. खतिवडाले राष्ट्र बैंकले बैंकहरूलाई घरजग्गामा लगानी नै नगर्न निर्देशन नदिएको स्पष्ट पार्नुभयो । साथै, उहाँले घरजग्गा कारोबारले उद्योगको रुप लिइसकेको र यसलाई सुरक्षित बनाउन बैनामाथि बैना गर्ने घरजग्गाको डेरिभेटिभ्स (Derivatives) कारोबार बन्द गर्नुपर्नेमा जोड दिनुभयो ।

भारतीय मुद्राको अभावले व्यवसाय गर्न कठिन भएको भन्ने व्यवसायीको भनाईका सन्दर्भमा उहाँले नेपालमा विदेशी मुद्राको सञ्चिति पर्याप्त रहेकोले औपचारिक र एजेन्सी कारोबारका लागि जतिसुकै परिमाणमा भारु उपलव्ध गराउन सकिने बताउनुभयो । नेपालभित्र कानुनी रूपमा नेपाली मुद्रा नै चलनचल्तीमा ल्याउनु पर्नेमा ठूलो कारोबार समेत भारु नगदमै गर्नेमाथि कानुनी कारवाही गर्न सकिनेतर्फ उहाँले सचेत गराउनुभयो ।

गभर्नरको कार्यालय